नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- १९६

मितिः२०८२।०९।१

ने.सं. ११४६

श्री गाउँपालिका सबै

श्री नगरपालिका सबै

विषयः समपुरक तथा विशेष अनुदान सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय योजना आयोगको प.सं.२०८२/८३ च.नं.११४ मिति २०८२/०८/२९ को पत्र साथ समपूरक अनुदान सम्वन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२ र विशेष अनुदान सम्वन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट आ.व.२०८३/८४ मा सङ्घीय समपुरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत कार्यन्वयन हुने आयोजना वा कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरण तयार गरी २०८२ माघ मसान्तभित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको विद्युतीय प्रणाली www.csgrants.gov.np मार्फत माग गर्ने सम्वन्धी सूचना यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थ

श्री राष्ट्रिय योजना आयोग, सिँहदरवार काठमाडौं ।

श्री सूचना प्रवधि शाखा (वेवसाइटमा अपलोड गरिदिनुहुन) ।

सिंहदरवार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

नेपाल सरकार

# राष्ट्रिय योजना आयोग

सिंहदरबार, काठमाडौं

(समपूरक तथा विशेष अनुदान शाखा)

पत्र संख्या: ०८२/८३

चलानी नं. ११४

मिति: २०८२/०८/२९

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

विषय: समपूरक तथा विशेष अनुदान सूचना सम्बन्धमा।

उपर्युक्त विषयमा समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहबाट आ.व. २०८३/८४ मा सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरुको लागि प्रस्तावसहित विवरण तयार गरी २०८२ माघ मसान्तभित्र राष्ट्रिय योजना आयोगले सञ्चालनमा ल्याएको यससम्बन्धी विद्युतीय प्रणाली (www.csgrants.gov.np) मार्फत माग गर्ने तपसिल बमोजिमको सूचना मिति २०८२/०८/२६ को गोरखापत्र राष्ट्रिय दैनिक तथा राष्ट्रिय योजना आयोगको वेबसाईट (www.npc.gov.np) मा प्रकाशन भएको व्यहोरा अनुरोध छ। उक्त सूचना साबिकमाझैं सबै स्थानीय तहमा जानकारी हुन आवश्यक व्यवस्थाका लागि तहाँ प्रेषित गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

.......................

(रमेश पराजुली)

योजना अधिकृत

तपसिल:

- मिति २०८२/०८/२६ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना
- आ. व. २०८३/८४ का लागि प्रदेश सरकार र स्थानीय तहमा सङ्घीय समपूरक अनुदान तथा सङ्घीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान गरिएको सम्बन्धी विस्तृत सूचना (पाना-१०)

## सङ्घीय समपूरक अनुदान र विशेष अनुदान अन्तर्गत प्रदेश र स्थानीय तहबाट आर्थिक वर्ष २०८३/८४ मा सञ्चालन गरिने आयोजना वा कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी विस्तृत सूचना

**(प्रकाशित मितिः २०८२/०८/२६)**

समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ मा व्यवस्था भएबमोजिम प्रदेश सरकार र स्थानीय तहमा नेपाल सरकारबाट उपलब्ध हुने समपूरक अनुदान तथा विशेष अनुदान अन्तर्गत आर्थिक वर्ष २०८३/८४ मा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमहरुको लागि प्रस्ताव सहित विवरण तयार गरी २०८२ माघ मसान्तभित्र राष्ट्रिय योजना आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणाली (www.csgrants.gov.np) मार्फत राष्ट्रिय योजना आयोगमा पठाउनहुन सबै प्रदेश तथा स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्ताव पेश गर्दा प्रदेश वा स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र हाल सञ्चालनमा रहेका आयोजना वा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोग/प्रदेश योजना आयोगको **आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको सिफारिशमा** प्रदेश सरकार (मन्त्रिपरिषद्) निर्णयसहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले आयोजना वा कार्यक्रमको प्राथमिकीकरणको निर्णयसहित महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाबाट समपूरक अनुदानका लागि अनुसूची-१ र अनुसूची-२ तथा विशेष अनुदानका लागि अनुसूची-२, अनुसूची-३ र अनुसूची-४ बमोजिमको ढाँचामा आवश्यक विवरण तथा शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण तोकिएका सबै पदाधिकारीहरुबाट गराई पेश गर्नुपर्नेछ। समपूरक र विशेष अनुदान माग र प्रस्ताव पेश गर्ने सम्बन्धमा कार्यविधि तथा आवश्यक सुचना तथा विवरण www.csgrants.gov.np बाट डाउनलोड गर्न सकिनेछ। अन्य जानकारी आवश्यक भएमा कार्यालय समयमा राष्ट्रिय योजना आयोगको टेलिफोन नं . ०१-४२११११३, ०१-४२११०१४, ०१-४२१११६०, ०१-४२१११३२, ०१-४२११०३२, ०१-४२१११५९, ०१-४२११७५७, ०१-४२११८५१, ०१-४२११०५८, ०१-४२११९७० र इमेल मार्फत (csgrants@npc.gov.np) सम्पर्क गर्न सकिनेछ।

**समपूरक र विशेष अनुदानको लागि आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्ने अनलाईन प्रणालीमा प्रविष्ट गर्ने प्रकृया यस प्रकार रहेको छ।**

१. प्रदेश सरकार तथा स्थानीय तह (महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका) को लागि लग-इन गर्ने विवरणहरु (Login credentials) तत् तत् निकायहरुलाई राष्ट्रिय योजना आयोगबाट यस अगाडि उपलब्ध गराईसकिएको छ। कुनै कारणवस् Login credentials reset गर्न आवश्यक भएमा सम्बन्धित निकायले csgrants@npc.gov.np मा आधिकारिक पत्रसहित ईमेलमार्फत माग गर्न सक्नेछन्।

२. आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा समपूरक र विशेष अनुदान व्यवस्थापन सूचना प्रणाली www.csgrants.gov.np बाट विवरणहरु अनलाइनमा प्रविष्ट गरी तोकिएको समयावधि (पौष १ गते देखि माघ मसान्तसम्म) भित्र प्रस्ताव गर्नुपर्नेछ।

३. समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव तयारी सम्बन्धी अन्य जानकारीको लागि संलग्न फाइलहरु हेर्न सकिनेछ।

(क) समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२

(ख) विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२

## समपूरक अनुदान

१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछः

| क्र.सं. | प्रमुख क्षेत्रहरु | आयोजना वा कार्यक्रम प्रस्तावका क्षेत्रहरु |
|---|---|---|
| १ | कृषि पूर्वाधार | कृषि उपजको प्रशोधन, भण्डारण र बजारीकरण सम्बन्धी पूर्वाधार |
| २ | खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई सम्बन्धी पूर्वाधार |
| ३ | सिंचाई तथा नदी नियन्त्रण | सिँचाई तथा नदी नियन्त्रण सम्बन्धी पूर्वाधार |
| ४ | फोहोरमैला प्रशोधन र व्यवस्थापन | नवीनतम् प्रविधिको प्रयोग गरी फोहोरमैलाको प्रशोधन र व्यवस्थापन |
| ५ | शैक्षिक पूर्वाधार | सामुदायिक विद्यालय भवन निर्माण |
| ६ | पर्यटन पूर्वाधार | स्थानीय आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउने पर्यटन पूर्वाधार निर्माण |
| ७ | मध्यवर्ती क्षेत्र विकास पूर्वाधार | मध्यवर्ती क्षेत्रमा मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि गरिने पूर्वाधार निर्माण |
| ८ | विद्युत, उर्जा, विज्ञान तथा प्रविधि विकास पूर्वाधार | विद्युत सेवाबाट बन्चित रहेको तथा राष्ट्रिय प्रसारण लाईनको पहुँच नभएको क्षेत्रमा कार्यान्वयन गरिने विद्युत उत्पादन तथा प्रसारण आयोजना, सौर्य, वायु, जैविक लगायतका वैकल्पिक उर्जा उत्पादन र विज्ञान तथा प्रविधिसँग सम्बन्धित पूर्वाधार |
| ९ | स्वास्थ्य पूर्वाधार | स्वास्थ्य चौकी, अस्पताल तथा सोसँग सम्बन्धित पूर्वाधार |
| १० | सडक पूर्वाधार | स्थानीय तहको हकमा स्थानीय तहको केन्द्र र वडा कार्यालय, विद्यालय, स्वास्थ्य संस्था, आदि जस्ता सेवा केन्द्र, औद्योगिक ग्राम वा क्षेत्र र बजार जोड्ने स्थानीय सडक तथा प्रदेशको हकमा प्रदेश लोकमार्ग र सो अन्तर्गतको सडक पुल |
| ११ | अन्य पूर्वाधार | नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी निर्धारण गरिएका आयोजना वा कार्यक्रम |

२. **समपूरक अनुदान अन्तर्गत आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्दा सलंग्न गर्नुपर्ने कागजातहरु :**

आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजातहरु विद्युतीय अनलाईन प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन, ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरणको लागत अनुमान। तर दश करोड रुपैयाँभन्दा माथि लागत अनुमान भएका आयोजना वा कार्यक्रमको हकमा विस्तृत आयोजना प्रतिवेदन (DPR) समेत पेश गर्नु पर्नेछ।

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र त्यस्तो प्रतिवेदन स्वीकृत भएको सम्बन्धित तहको पत्र।

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण, स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिश समेत संलग्न राखी प्रदेश सरकार मन्त्रिपरिषद्को प्रमाणित निर्णय र अनुसूची-२ बमोजिमको ढाँचामा तोकिएका सबै पदाधिकारीहरुबाट शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण।

३. **समपूरक अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम माग र कार्यान्वयन सम्बन्धी महत्वपूर्ण प्रावधान:**

(क) **अनुसूची-१ बमोजिमको विवरण अनिवार्य प्रविष्ट गर्नुपर्ने:**

प्रस्तावित आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नु पर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई, आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना र कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति लगायत  कार्यविधिको अनुसूची-१ बमोजिमको विवरण अनिवार्य प्रविष्ट गर्नुपर्नेछ।

(ख) **पूर्व तयारी सम्पन्न भएका आयोजना वा कार्यक्रम मात्र पेश गर्नुपर्ने:**

आयोजना वा कार्यक्रमको पूर्व तयारी सम्पन्न भएका आयोजना वा कार्यक्रम मात्र पेश गर्नु पर्नेछ। पूर्वतयारी भन्नाले आयोजनाको सम्भाव्यता, ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरणको लागत अनुमान वा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (DPR/DER) तथा वातावरणीय अध्ययन प्रतिवेदन भएको र जग्गा सम्बन्धी कुनै विवाद नरहेको आयोजना बुझ्नुपर्नेछ।

(ग) **क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिई माग गर्नुपर्ने:**

आगामी आर्थिक वर्षका लागि यस अघि समपूरक अनुदान प्राप्त गरी कार्यान्वयन भइरहेका र सम्पन्न हुन बाँकी रहेका आयोजना वा कार्यक्रमलाई पहिलो प्राथमिकता दिई बजेट समेत खुलाई आयोजना वा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

(घ) **प्रगति विवरण अनिवार्य पेश गर्नुपर्ने:**

विद्युतीय प्रणाली (अनलाईन पोटर्ल) मा समपूरक अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्दा  यस अघि स्वीकृत भई कार्यान्वयन भइरहेका क्रमागत आयोजना वा कार्यक्रमको प्रगति विवरण अनिवार्य प्रविष्ट गर्नुपर्नेछ। क्रमागत आयोजना वा कार्यक्रमको लागि रकम प्रस्ताव

गर्दा कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण स्पष्ट खुलाउनुपर्नेछ।

(ङ) **आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने:**

प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधि भित्रै सम्पन्न गर्नु पर्नेछ । सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

(च) **समपूरक अनुदान प्रदान नगरिने:**

समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा १० मा तोकिएका विषय वा प्रकृतिका आयोजना वा कार्यक्रमको लागि समपूरक अनुदान प्रदान गरिने छैन । यस प्रावधान अन्तर्गत तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी, कुनै राजनीतिक वा धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना वा कार्यक्रम तथा वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना वा कार्यक्रम, न्यूनतम सीमभन्दा कम कूल लागत अनुमान भएका आयोजना वा कार्यक्रममा प्रस्ताव गर्न पाइने छैन।

(छ) **उपभोक्ता समितिमार्फत खर्च गर्न नहुने:**

समपूरक अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन।

(ज) **वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्ने:**

प्रदेश वा स्थानीय तहमा उपलब्ध हुने समपूरक अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा समावेश गरेर मात्र खर्च गर्नुपर्नेछ।

(झ) **दोहोरोपना नहुने गरी खर्च गर्नुपर्ने:**

समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना वा कार्यक्रम र सम्बन्धित स्थानीय तहमा संघ वा प्रदेशबाट सञ्चालित वा अन्य गैर सरकारी संघ संस्थाबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम एउटै प्रकृतिको रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रमसँग दोहोरोपन नहुने गरी परिपूरकता कायम गर्नु पर्नेछ।

(ञ) **सार्वजनिक खरिद कानून तथा विद्युतीय भुक्तानी गर्नुपर्ने:**

प्रदेश वा स्थानीय तहले समपूरक अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी एवम् पारदर्शी किसिमले खर्चको प्रत्येक भुक्तानीमा तोकिएको अनुपातको पूर्ण पालना गरी बैंकिङ्ग प्रणालीमा विद्युतीय भुक्तानी प्रणालीमार्फत भुक्तानी गर्नु पर्नेछ। समपूरक अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश वा स्थानीय तहको हुनेछ।

(ट) **सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने:**

प्रदेश तथा स्थानीय तहमा भएको समपूरक अनुदानको वित्तीय हस्तान्तरण रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहन गएमा त्यस्तो रकम सम्बन्धित प्रदेश तथा स्थानीय

तहले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ र समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा १३ बमोजिम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

(ठ) **आयोजना वा कार्यक्रमको नाम हेरफेर गर्न वा रकम रकमान्तर गर्न नहुने:**

समपूरक अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनौट भएको आयोजना वा कार्यक्रमका लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

(ड) **अनुगमन तथा प्रतिवेदन:**

समपूरक अनुदानबाट कार्यान्वयन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ। प्रदेश वा स्थानीय तहले आयोजना वा कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन प्रदेशको हकमा योजना आयोग तथा स्थानीय तहको हकमा योजना आयोग र सम्बन्धित जिल्ला समन्वय समितिमा समेत पेश गर्नु पर्नेछ। प्रदेश वा स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन गरिएको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची-५ बमोजिमको ढाँचामा तयार गरी योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणालीमा त्रैमासिक रूपमा प्रविष्टि गर्नु पर्नेछ। त्यस्तो प्रतिवेदन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा समेत पठाउनु पर्नेछ।

(ढ) **"आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नुपर्ने:**

प्रदेश वा स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रम स्थलमा "आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नुपर्नेछ।

(ण) **सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्नुपर्ने:**

समपूरक अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा १६ को उपदफा (७) र (८) बमोजिम सम्बन्धित विशेषज्ञ, लाभग्राही वर्ग र स्थानीय समुदाय वा सरोकारवाला र नागरिक समाजको सहभागितामा वर्षको कम्तीमा दुई पटक सार्वजनिक परीक्षण तथा वर्षको एक पटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(त) **व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी:**

समपूरक अनुदानबाट सम्पन्न भएका आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ। त्यस्तो आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि नेपाल सरकारले कुनै दायित्व वहन गर्ने छैन।

## विशेष अनुदान

१. विशेष अनुदानका लागि निम्न क्षेत्रका आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सकिनेछः

| क्र.सं. | प्रमुख क्षेत्रहरु | आयोजना वा कार्यक्रम प्रस्तावका क्षेत्रहरु |
|---|---|---|
| १ | शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृद्धि | (क) विद्यालय फर्निचर, शैक्षिक सामग्री, कम्प्युटर, डिजिटल बोर्ड, प्रयोगशाला उपकरण, पुस्तकालय, शौचालय, खानेपानी, घेरबार पर्खाल जस्ता पूरक शैक्षिक पूर्वाधार<br>(ख) दलित, अल्पसंख्यक, लोपोन्मुख तथा पिछडिएको समुदाय लक्षित वर्गका लागि नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदानबाट नसमेटिएका अन्य शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रम |
| २ | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि | (क) आधारभुत स्वास्थ्य सेवाको गुणस्तर सुधारका लागि आवश्यक स्वास्थ्य उपकरण, प्रयोगशाला सामग्री, अपुग भएको अत्यावश्यक औषधी, बर्थिंग सेन्टरका लागि शैया तथा उपकरण आदि।<br>(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदानबाट नसमेटिएका स्वास्थ्य सम्बन्धी अन्य कार्यक्रम<br>(ग) मातृ तथा बालबालिकाका लागि पोषण सुधार |
| ३ | आधारभूत खानेपानी तथा सरसफाई सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी तथा सरसफाई | (क) आधारभूत खानेपानी आपूर्ति<br>(ख) आधारभूत सरसफाई<br>(ग) जल पुनर्भरण तथा स्रोत संरक्षण |
| ४ | आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदाय वा क्षेत्रको उत्थान तथा विकासका लागि लक्षित गरी सञ्चालन गरिने उत्पादन र उत्पादकत्व बृद्धि एवम् | (क) कृषक समूहका लागि डिप ट्यूबेल सिंचाई, यान्त्रिक सिंचाई, थोपा सिंचाइ, रोअर पम्प, प्लाष्टिक पोखरी, प्लाष्टिक टनेल, गोठ सुधार, व्यवसायिक पशुपन्छी पालन, नश्ल सुधार, रोग किरा नियन्त्रण, रैथाने बाली संरक्षण, बिउ बिजन, फलफूलको बोटबिरुवा उत्पादन, आदि। |

| | | |
|---|---|---|
| | आयआर्जन तथा जीविकोपार्जन सुधार, | (ख) कृषि उपकरण, कृषि उपज तथा अन्य स्थानीय उत्पादनको संकलन तथा विक्री केन्द्र स्थापना, बाली भण्डारण तथा क्षति नियन्त्रण, आदि।<br>(ग) विपन्न भूमिहीन वर्ग लक्षित वगर वा नदी उकास क्षेत्रमा गरिने व्यवसायिक कृषि, आदि।<br>(घ) सामुहिक रुपमा जग्गा भाडामा लिई गरिने व्यवसायिक कृषि, जडिबुटी खेती तथा गैरकाष्ठ बन पैदावार उत्पादन, आदि।<br>(ङ) उद्यमशीलता विकासका लागि सघाउ पुग्नेगरी उपकरण, प्रविधि र वित्तीय एवं बजार पहुँच सहितको एकीकृत तालिम प्याकेज, आदि |
| ५ | विपद् जोखिम न्यूनीकरण तथा नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रममा नसमेटिएका विपदबाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनःनिर्माण | (क) विपद् जोखिमयुक्त वस्ती स्थानान्तरण<br>(ख) नेपाल सरकार र प्रदेश सरकारका कार्यक्रममा नसमेटिएका विपदबाट क्षतिग्रस्त सार्वजनिक पूर्वाधार पुनःनिर्माण |
| ६ | लोपोन्मुख, विपन्न तथा सीमान्तकृत समुदायका लागि नमूना आवास, एकीकृत वस्ती विकास तथा जोखिमयुक्त बस्ती स्थानान्तरण | विपन्न तथा सीमान्तकृत समुदायका लागि नमूना आवास तथा एकीकृत वस्ती विकास |

२. **विशेष अनुदान अन्तर्गत आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्दा सलंग्न गर्नुपर्ने कागजातहरु :**

आयोजना वा कार्यक्रम प्रस्ताव गर्दा देहायका कागजातहरु विद्युतीय अनलाईन प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ।

(क) आयोजना वा कार्यक्रमको सम्भाव्यता अध्ययन, ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरणको लागत अनुमान वा अनुसूची- ३ बमोजिमको आयोजना वा कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल)

(ख) आयोजना वा कार्यक्रमको प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र त्यस्तो प्रतिवेदन स्वीकृत भएको सम्बन्धित तहको पत्र ।

(ग) आयोजना वा कार्यक्रमको प्राथमिकीकरण सहितको विवरण, स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिश समेत

संलग्न राखी प्रदेश सरकार मन्त्रिपरिषद्को प्रमाणित निर्णय र अनुसूची-२ बमोजिमको ढाँचामा तोकिएका सबै पदाधिकारीहरुबाट शर्त पूरा भएको व्यहोराको प्रमाणीकरण ।

**३. विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम माग र कार्यान्वयन सम्बन्धी महत्वपूर्ण प्रावधान:**

(क) **अनुसूची-२ बमोजिमको विवरण अनिवार्य प्रविष्ट गर्नुपर्ने:**

प्रस्तावित आयोजना वा कार्यक्रम प्रविष्टि गर्दा आयोजना वा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता र प्राथमिकताको पुष्ट्याँई, आयोजना वा कार्यक्रमबाट प्राप्त हुने मापनयोग्य प्रतिफल वा लाभ तथा दिगोपना, र कार्यान्वयन गर्न सक्ने वित्तीय तथा भौतिक क्षमता वा जनशक्ति लगायत कार्यविधिको अनुसूची-२ बमोजिमको विवरण अनिवार्य प्रविष्ट गर्नुपर्नेछ।

(ख) **पुर्व तयारी सम्पन्न भएका आयोजना वा कार्यक्रम मात्र पेश गर्नुपर्ने:**

आयोजना वा कार्यक्रमको पूर्व तयारी सम्पन्न भएका आयोजना वा कार्यक्रम मात्र पेश गर्नु पर्नेछ। पूर्वतयारी भन्नाले आयोजनाको सम्भाव्यता, ड्रइङ, डिजाइन, स्पेसिफिकेशन सहितको विस्तृत विवरणको लागत अनुमान, अनुसूची- ३ बमोजिमको आयोजना वा कार्यक्रम सञ्चालन प्रस्ताव (प्रपोजल) वा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन (DPR/DER) तथा वातावरणीय अध्ययन प्रतिवेदन भएको र जग्गा सम्बन्धी कुनै विवाद नरहेको आयोजना बुझ्नुपर्नेछ।

(ग) **क्रमागत आयोजनालाई पहिलो प्राथमिकता दिई माग गर्नुपर्ने:**

आगामी आर्थिक वर्षका लागि यस अघि विशेष अनुदान प्राप्त गरी कार्यान्वयन भइरहेका र सम्पन्न हुन बाँकी रहेका आयोजना वा कार्यक्रमलाई पहिलो प्राथमिकता दिई बजेट समेत खुलाई आयोजना वा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ।

(घ) **प्रगति विवरण अनिवार्य पेश गर्नुपर्ने:**

विद्युतीय प्रणाली (अनलाईन पोटर्ल) मा विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम प्रस्ताव पेश गर्दा यस अघि स्वीकृत भई कार्यान्वयन भइरहेका क्रमागत आयोजना वा कार्यक्रमको प्रगति विवरण अनिवार्य प्रविष्ट गर्नुपर्नेछ। क्रमागत आयोजना वा कार्यक्रमको लागि रकम प्रस्ताव गर्दा कुल लागत, कुल ठेक्का अङ्क, हालसम्मको कुल निकासा रकम र वित्तीय तथा भौतिक प्रगति सम्बन्धी विवरण स्पष्ट खुलाउनुपर्नेछ।

(ङ) **आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने:**

प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट सञ्चालित आयोजना वा कार्यक्रम स्वीकृत अवधि भित्रै सम्पन्न गर्नु पर्नेछ । सो अवधिभित्र सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नु पर्नेछ।

(च) **विशेष अनुदान प्रदान नगरिने:**

विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ को दफा १० मा तोकिएका विषय वा प्रकृतिका आयोजना वा कार्यक्रमको लागि विशेष अनुदान प्रदान गरिने छैन । यस प्रावधान अन्तर्गत तलब भत्ता, मसलन्द लगायतका साधारण खर्च तथा ऋण भुक्तानी, कुनै राजनीतिक वा

धार्मिक समूह विशेषको हित वा स्वार्थ रहेको आयोजना वा कार्यक्रम तथा वातावरणमा प्रतिकूल प्रभाव पर्ने प्रकृतिका आयोजना वा कार्यक्रम, न्यूनतम सीमभन्दा कम कूल लागत अनुमान भएका आयोजना वा कार्यक्रममा प्रस्ताव गर्न पाइने छैन।

(छ) **उपभोक्ता समिति मार्फत खर्च गर्न नपाईने:**

विशेष अनुदान बापत प्राप्त रकम उपभोक्ता समिति मार्फत खर्च गर्न पाइने छैन। तर, पूर्वाधार निर्माण बाहेक प्रचलित सार्वजनिक खरिद कानून बमोजिमको सीमाभित्रको कार्यक्रमको हकमा उत्पादन तथा उत्पादकत्व वृद्धि एवम् आयआर्जन तथा जीविकोपार्जन सुधार सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि प्रचलित खरिद कानूनको बजेट सीमाको परिधिभित्र रहने गरी कृषक समूह, महिला समूह जस्ता सामाजिक परिचालनको माध्यमबाट गठन भई स्थानीय तहमा सूचीकृत सामुदायिक संस्थालाई परिचालन गर्न सकिनेछ।यस प्रयोजनका लागि स्थानीय तहमा रहेका अगुवा कृषक, सामाजिक परिचालक वा उत्प्रेरकको समेत सहयोग लिन सकिनेछ।

(ज) **वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा समावेश गर्नुपर्ने:**

प्रदेश वा स्थानीय तहमा उपलब्ध हुने विशेष अनुदान बापतको रकम आफ्नो वार्षिक कार्यक्रम तथा मध्यमकालीन खर्च संरचनामा समावेश गरेर मात्र खर्च गर्नुपर्नेछ।

(झ) **दोहोरोपना नहुने गरी खर्च गर्नुपर्ने:**

विशेष अनुदान अन्तर्गत सञ्चालन हुने आयोजना वा कार्यक्रम र सम्बन्धित स्थानीय तहमा संघ वा प्रदेशबाट सञ्चालित वा अन्य गैर सरकारी संघ संस्थाबाट सञ्चालन हुने आयोजना वा कार्यक्रम एउटै प्रकृतिको रहेछ भने त्यस्तो आयोजना वा कार्यक्रमसँग दोहोरोपन नहुने गरी परिपूरकता कायम गर्नु पर्नेछ।

(ञ) **सार्वजनिक खरिद कानुन तथा विद्युतीय भुक्तानी गर्नुपर्ने:**

प्रदेश वा स्थानीय तहले विशेष अनुदान रकम खर्च गर्दा आन्तरिक नियन्त्रण प्रणाली अपनाई आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व र सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनको अधीनमा रही मितव्ययी एवम् पारदर्शी किसिमले खर्चको प्रत्येक भुक्तानीमा तोकिएको अनुपातको पूर्ण पालना गरी बैंकिङ्ग प्रणालीमा विद्युतीय भुक्तानी प्रणालीमार्फत भुक्तानी गर्नु पर्नेछ। विशेष अनुदानबाट भएको खर्चको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने दायित्व आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने प्रदेश वा स्थानीय तहको हुनेछ।

(ट) **सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने:**

प्रदेश तथा स्थानीय तहमा भएको विशेष अनुदानको वित्तीय हस्तान्तरण रकम सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई जुनसुकै खातामा बाँकी रहन गएमा त्यस्तो रकम सम्बन्धित प्रदेश तथा स्थानीय तहले आर्थिक वर्षको विनियोजन ऐन बमोजिम र विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ को दफा १३ बमोजिम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्नेछ।

(ठ) **आयोजना वा कार्यक्रमको नाम हेरफेर गर्न वा रकम रकमान्तर गर्न नहुने:**

विशेष अनुदान अन्तर्गत सञ्चालन हुने गरी छनौट भएको आयोजना वा कार्यक्रमका लागि बजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजनाको लागि स्थानान्तरण (ट्रान्सफर) गर्न, नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रमको लागि विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न पाइने छैन।

(ड) **अनुगमन तथा प्रतिवेदन:**

विशेष अनुदानबाट कार्यान्वयन हुने आयोजना लक्षित प्रतिफल प्राप्त हुने गरी प्रभावकारी रुपमा कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित प्रदेश वा स्थानीय तहले नियमित रुपमा अनुगमन गर्नु पर्नेछ । प्रदेश वा स्थानीय तहले आयोजना वा कार्यक्रमको अनुगमन गरेपछि सोको प्रतिवेदन प्रदेशको हकमा योजना आयोग तथा स्थानीय तहको हकमा योजना आयोग र सम्बन्धित जिल्ला समन्वय समितिमा समेत पेश गर्नु पर्नेछ । प्रदेश वा स्थानीय तहले विशेष अनुदानबाट कार्यान्वयन गरिएको आयोजना वा कार्यक्रमको प्रगति प्रतिवेदन अनुसूची-७ बमोजिमको ढाँचामा तयार गरी योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणालीमा त्रैमासिक रूपमा प्रविष्टि गर्नु पर्नेछ । त्यस्तो प्रतिवेदन सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा समेत पठाउनु पर्नेछ।

(ढ) **"आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नुपर्ने:**

प्रदेश वा स्थानीय तहले सञ्चालन भइरहेको आयोजना वा कार्यक्रमको काम कारवाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन विवरण खुल्ने गरी आयोजना वा कार्यक्रम स्थलमा "आयोजना वा कार्यक्रम जानकारी सूचनापाटी" राख्नुपर्नेछ।

(ण) **सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्नुपर्ने:**

विशेष अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ को दफा १५ को उपदफा (७) र (८) बमोजिम सम्बन्धित विशेषज्ञ, लाभग्राही वर्ग र स्थानीय समुदाय वा सरोकारवाला र नागरिक समाजको सहभागितामा वर्षको कम्तीमा दुई पटक सार्वजनिक परीक्षण तथा वर्षको एक पटक सार्वजनिक सुनुवाई गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(त) **व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी:**

विशेष अनुदानबाट सम्पन्न भएका आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित प्रदेश वा स्थानीय तहको हुनेछ । त्यस्तो आयोजना वा कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनको लागि नेपाल सरकारले कुनै दायित्व वहन गर्ने छैन ।